अनुसूची- १

# लगानी सम्बन्धी सूचना

यस बैंकको विभिन्न कोषमा रहेको देहाय बमोजिमको रकम **२०७७ फागुन २ गते देखि २०७८ फागुन १ (तद्नुसार फेब्रुअरी १४, २०२१ देखि फेब्रुअरी १३, २०२२)** सम्म ३६५ दिनको मुद्दती निक्षेपमा त्रैमासिक रुपमा ब्याज भुक्तानी हुने गरी लगानी गर्नु पर्ने भएकोले यस बैंकबाट इजाजतपत्र प्राप्त तल उल्लिखित शर्तहरु पुरा गरेका देहाय अनुसारका वर्गीकृत संस्थाहरुबाट देहाय बमोजिमको सीमाभित्र रही आफूले लिन चाहेको रकम तथा उक्त रकमका लागि प्रस्ताव गरिएको ब्याजदर समेत खुलाई यस बैंकले तोकेको **शिलबन्दी दरभाउपत्र सम्बन्धी फाराम** भरी **मिति २०७७।१०।२०** गते मंगलबार अपरान्ह २:०० बजे भित्र यस विभागमा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

| संस्थाहरु | रकम (रु. लाखमा) |
|---|---|
| "क" वर्गका वाणिज्य बैंकहरुमा | ८३९।०० |
| "ख" वर्गका राष्ट्रिय स्तरका विकास बैंकहरुमा | १५७।०० |
| "ग" वर्गका राष्ट्रिय स्तरका वित्त कम्पनीहरुमा | ५२।०० |
| कुल जम्मा | १,०४८।०० |

शर्तहरु :

(क) बैंक तथा वित्तीय संस्था सञ्चालनमा आएको कम्तीमा **दुई वर्ष** पुरा गरेको।

(ख) बैंकबाट तोकिएको न्यूनतम पूँजीकोष कायम रहेको ।

(ग) निष्कृय कर्जा (एन.पी.ए) कुल कर्जा सापटको **पाँच प्रतिशत** भन्दा कम भएको।

(घ) खुद तरल सम्पत्ति स्वदेशी निक्षेपको कम्तीमा **बीस प्रतिशत** वा सो भन्दा बढी रहेको ।

(ङ) कर्जा/स्वदेशी निक्षेप र प्राथमिक पूँजी अनुपात बैंकले समय समयमा निर्धारण गरेको सीमा भित्र रहेको।

(च) आ.व. २०७६/०७७ मा सञ्चालन मुनाफा (व्यवस्था पछिको) मा रहेको।

(छ) रियल स्टेट कर्जा बैंकबाट तोकिएको सीमाभन्दा बढी नभएको।

(ज) लगानी गरिने संस्थाको कुनै पनि सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालकलाई यस बैंकले जरीवाना गरेको अवस्थामा त्यस्तो जरीवाना गरिएका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालक उक्त संस्थामा कायम नरहेको।

(झ) शीघ्र सुधारात्मक कारवाहीमा परेको भए, फुकुवा भएको कम्तीमा **छ महिना** पुरा भएको।

(ञ) बैंक तथा वित्तीय संस्था नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ बमोजिमको कारवाहीमा परी समस्याग्रस्त घोषणा नभएको। समस्याग्रस्त घोषणा भएकोमा सो फुकुवा भएको **छ महिना** अवधि पुरा भएको।

(ट) सर्वसाधारणको लागि छुट्याईएको शेयर जारी गरिसकेको।

(ठ) प्रस्ताव पेश गरेको ब्याजदर माथि उल्लिखित लगानी गरिने मितिसम्म मान्य हुनेछ। त्यस बैंक/वित्तीय संस्थाको ब्याजदर परिवर्तन सम्बन्धी सार्वजनिक सूचनाले प्रस्तावित ब्याजदरलाई कुनै असर पारेको मानिने छैन।

मिति : २०७७।१०।१६

नेपाल राष्ट्र बैंक
वित्त व्यवस्थापन विभाग
बालुवाटार, काठमाण्डौ।

अनुसूची - २   मिति :

श्रीमान् कार्यकारी निर्देशकज्यू
नेपाल राष्ट्र बैंक
वित्त व्यवस्थापन विभाग ।

विषयः- शिलबन्दी दरभाउपत्र सम्बन्धी फाराम

महोदय,

त्यस बैंकको विभिन्न कोषहरुमा रहेको रकम बैंक तथा वित्तीय संस्थाहरुमा लगानी गर्ने सम्बन्धमा तहांबाट मिति मा भएको आह्वान बमोजिम तपसिलमा उल्लिखित सबै शर्तहरु यस बैंक/ विकास बैंक/ वित्तीय संस्थाले पुरा गरेको घोषणा गर्दै देहाय बमोजिमको तालिकामा उल्लेख भए अनुसारको ब्याजदरमा सोही तालिकामा उल्लेख भए बमोजिमको रकम लिन ईच्छुक भएकोले उक्त प्रयोजनका लागि यो दरभाउपत्र पेश गरेका छौं ।

| क्र.सं | प्रस्तावित ब्याजदर (त्रैमासिक भुक्तानी) | अबधि | लिन चाहेको रकम ( लाखमा ) | |
|---|---|---|---|---|
| | | | न्यूनतम | अधिकतम |
| | | ३६५ दिन | ५० | |

यस ........................................................को ........... महिनाको वित्तीय सूचकांक यस प्रकार रहेको छ ।

| क्र.सं | वित्तीय बिवरण | वित्तीय सूचकांक |
|---|---|---|
| १ | पूँजीकोष % | |
| २ | निष्कृय कर्जा (एन.पी.ए) % | |
| ३ | खुद तरल सम्पत्ति /स्वदेशी निक्षेपको % | |
| ४ | कर्जा /स्वदेशी निक्षेप तथा प्राथमिक पूँजी अनुपात % | |
| ५ | रियल स्टेट कर्जा/ कुल कर्जा % | |
| ६ | सर्वसाधारणको कुल निक्षेप (रु.) | |
| ७ | चुक्ता पूँजी (रु.) | |
| ८ | निकटतम अघिल्लो आ.व.को सञ्चालन मुनाफा (व्यवस्था पछिको ) (रु.) | |
| ९ | नेपाल राष्ट्र बैंकको बैंकिङ्ग विभागमा रहेको खाता नं. | |
| १० | संस्थाको आधिकारिक इमेल ठेगाना | |

संस्थाको आधिकारीक पदाधिकारीको

दस्तखतः-..................................

नामः-.....................

पदः-........................ सम्पर्क नं.(मोबाइल)

संस्थाको नाम :-

संस्थाको ठेगाना :-

संस्थाको छाप :-

फ्याक्स नं :-

नोट : लगानीसँग सम्बन्धित आधिकारिक सम्पर्क व्यक्तिको पद, नाम, थर र सम्पर्क फोन नंम्बर यस फारामको अन्त्यमा अनिवार्य रुपमा उल्लेख भएको हुनु पर्नेछ ।